# अखबारी कागजमा भन्सार छुटको सिफारिस सम्बन्धी कार्यविधि,२०८१

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट पत्रपत्रिका प्रकाशन गर्न स्वीकृत प्राप्त सञ्चार गृहलाई अखबारी कागजमा लाग्ने भन्सार छुटको लागि गरिने सिफारिस प्रक्रियालाई सरल, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम अखवारी कागजमा भन्सार छुटको सिफारिस सम्बन्धी कार्यविधि,२०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) “भन्सार छुट” भन्नाले पत्रपत्रिका प्रकाशन गर्न स्वीकृत प्राप्त सञ्चार गृहले पैठारी गर्ने अखबारी कागज नेपालका विभिन्न नाकाबाट आयात गर्दा लाग्ने भन्सार शुल्कमा हुने पूर्ण वा आंशिक छुट सम्झनु पर्दछ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ग) “समिति” भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्दछ।

३. **भन्सार छुटको निवेदनः** भन्सार छुटको लागि निवेदन दिन चाहने सञ्चार गृहले देहायका कागजात राखी अनुसुची-१ बमोजिमको ढाँचा र सम्बन्धित कागजपत्रको चेक लिष्ट सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(क) संस्था दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

(ख) अघिल्लो आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

(ग) संस्थाको स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) पैठारी गर्न चाहेको अखवारी कागजको खरिद विवरण देखिने आधिकरिक बिल, भरपाई, बैंक ग्यारेण्टी लगायतका कागजात,

४. **समिति गठनः** (१) भन्सार छुटको लागि प्राप्त निवेदनका सम्बन्धमा विद्यमान कानूनी व्यवस्था तथा सालवसाली आर्थिक ऐन/ विधेयक अनुरूप छुट दिन मिल्ने नमिल्ने अध्ययन गरी सिफारिस प्रक्रियालाई सहजिकरण गर्न मन्त्रालयमा देहायको समिति रहनेछ।

| | |
|---|---|
| मन्त्रालयको सञ्चार महाशाखा प्रमुख | -संयोजक |
| शाखा प्रमुख, प्रेस तथा सूचना समन्वय शाखा | -सदस्य |
| शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा | -सदस्य |
| शाखा अधिकृत, प्रेस तथा सूचना समन्वय शाखा | -सदस्य - सचिव |

(२) समितिको बैंठकमा सम्बन्धित विषय विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको सचिवालय प्रेस तथा सूचना समन्वय शाखामा रहनेछ।

२०८१।०८।०१

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

५. **भन्सार छुट सिफारिस** : (१) दफा ३ बमोजिम निवेदन प्राप्त भएमा समितिले निवेदनसाथ संलग्न कागजात पूर्ण भए, नभएको अध्ययन गरी प्रक्रिया पुगेको देखिएमा मन्त्रालय समक्ष सिफारिस गर्नेछः

(२) यस कार्यविधि बमोजिम अखबारी कागजमा लाग्ने भन्सार छुट सम्बन्धमा विद्यमान कानूनी व्यवस्था तथा सालवसाली आर्थिक ऐनमा भएको व्यवस्था विपरीत सिफारिस गरिने छैन।

(३) उपदफा (१) बमोजिमको समितिको सिफारिसको आधारमा मन्त्रालयले भन्सार छुट सम्बन्धी निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम भएको भन्सार छुटको सिफारिस सम्बन्धी निर्णयको जानकारी सम्बन्धित सञ्चार गृहलाई दिनु पर्नेछ।

(५) यस कार्यविधि बमोजिम अखबारी कागजमा लाग्ने भन्सार छुटको सिफारिस सम्बन्धी निर्णयको समितिले छुट्टै अभिलेख राख्नु पर्नेछ।

६. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे मन्त्रालयले निर्णय गरी फुकाउन सक्नेछ ।

७. **कार्यविधिको पालना गर्नुपर्नेः** यो कार्यविधिको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

८. **कार्यविधिको व्याख्याः** यो कार्यविधिको व्याख्या मन्त्रालयले गर्नेछ ।

९. **यसै बमोजिम भए गरेको मानिनेः** यस कार्यविधि स्वीकृत हुनु पूर्व मन्त्रालयबाट सम्पादन भएका भन्सार छुटका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

०७५।०५।०६

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री

## अनुसूची -१
## (दफा ७ सँग सम्बन्धित)
### निवेदनको ढाँचा

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः सिफारिस गरिदिनुहुन।

नेपालको प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेको कम्पनी/ संस्था.................................ले राष्ट्रियस्तरको पत्रिका.......................... छपाई गर्न आवश्यक पर्ने अखबारी कागज.... .......मेट्रक टन/ के.जी. आयात गर्नुपरेको हुँदा देहाय बमोजिमका कागजात संलग्न राखी देहायको चेकलिष्टको आधारमा भन्सार छूटको लागि ..................भन्सार कार्यालयलाई सिफारिस गरि दिनु हुन अनुरोध छ।

**देहायः**

| क्र.सं. | सम्बन्धित कागजपत्रको लिष्ट | छ/छैन | कैफियत |
|---|---|---|---|
| १ | सम्बन्धित संस्थाको निवेदन | | |
| २ | भन्सार कार्यालयको नाम | | |
| ३ | L/C/RTGS/TT | | |
| ४ | Bank Guarantee/बैंकको नाम | | |
| ५ | Stock Ledger Report | | |
| 6 | कम्पनी/उद्योग दर्ताको प्रमाणपत्र | | |
| ७ | PAN/VAT दर्ता प्रमाणपत्र | | |
| ८ | करचुक्ता प्रमाणपत्र (आ.ब.) | | |
| **क्र.सं.** | **सम्बन्धित कागजपत्रको लिष्ट** | **विवरण** | **कैफियत** |
| १ | Supplier's Name | | |
| २ | Invoice No.& Date | | |
| ३ | Product's Name | | |
| ४ | CORE (Size) | | |
| ५ | Quantity (MTS) | | |
| ६ | Rate (INR/USD/POUND) | | |
| ७ | Total Amount (INR/USD/POUND) | | |

**द्रस्टब्य :-**

आर्थिक ऐन ..../ भन्सार ऐन...... को अनुसूची ... प्रकरण......को ....अनुसार भन्सार महशुल प्रतिशत मात्र लाग्ने । यस निवेदन साथ संलग्न विवरण तथा कागजातहरु ठीक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला/बुँझाउला ।

**हस्ताक्षर :-**

**निवेदकको नाम :-**

**संस्थाको नाम :-**

**ठेगाना :-**

**सम्पर्क नं.-**

०७५।०४।०९

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री